


# ३ बाइबलप्रति येशू र प्रेरितहरुको दृष्टिकोण

*__यस अध्यायका मूल पदहरू:__* मत्ती ४:१-११, मत्ती २२:३७-४०, लूका २४:१३-३५, ४४, ४५, लूका ४:२५-२७ र प्रेरित ४:२४-२६।

*__यस अध्यायको मूल सार पद:__* **"अनि उहाँले जवाफ दिएर भन्नुभयो 'यो लेखिएको छ "मानिस रोटीलेमात्र बाँच्दैन, तर परमेश्वरको मुखारबाट निस्केका प्रत्येक वचनले बाँच्दछ"'" (मत्ती ४:४ रूपान्तरित)।**

बर्तमान युगमा दुर्भाग्यवस बाइबललाई कतिपय मानवीय सोच वा दर्शनहरूको चस्माले हेरेर यसको स्वामित्व र प्रेरणाप्रति विभिन्न प्रश्नहरू उठाउँदै व्याख्या गरेको पाइन्छ। पुरानो जमानाका मानिसहरूले त्यसबेलाको सभ्यताको निम्ति सोचेर लेखिएको सामग्री वर्तमान युगमा न त त्यसलाई बुझ्न सकिन्छ न त त्यसको सान्दर्भिकता वा अर्थ नै छ भनेर कतिपयले दोषपूर्ण चस्माले बाइबललाई हेर्दछन्। अझ भन्नुपर्दा बाइबलमा निहित अलौकिक तत्व वा परमेश्वरको सक्रियतालाई न्यूनस्तरमा झार्दछन् वा त्यसको अस्तित्वलाई नै अस्वीकार गर्दै मानिसप्रति परमेश्वरको दृष्टिकोण के छ भनेर बुझ्न खोज्नुको सट्टा परमेश्वरप्रति मानिसको दृष्टिकोण के छ भनेर देखाउने बाइबल एक दस्तावेज वा सामग्री हो भनेर बाइबलका आलोचकहरू हल्ला मच्चाउँछन्। मानिस सुक्ष्म जीवहुँदै बाँदरबाट उब्जिएको हो भनेर दार्विन जस्ता कठित वैज्ञानिकहरूले र आधुनिक दर्शनले वा बुज्रुकहरूले सिकाउनेभएकोले बाइबलको उपादेयता र महत्त्वलाई प्रायजसो पन्छाएको पाइन्छ।

तर हामीहरू सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले ती धारणाहरूलाई ठाडै अस्वीकार गर्दछौं। बरु नयाँ करारलाई परमेश्वरको प्रेरणाद्वारा हेरिएर येशू र चेलाहरूले समग्र धर्मशास्त्रलाई कसरी बुझेका थिए भनेर हामी हेर्न सक्दछौं। त्यसबेला बाइबलको नाउँमा पुरानो करारमात्रै

थियो। पुरानो करारमा उल्लेख गरिएका मानिसहरू, स्थान र घट्नाहरूलाई तिनीहरूले कसरी हेरेका थिए वा तत्कालीन मानव जीवनमा तिनीहरूको सम्बन्ध के थियो भनेर तिनीहरूले सिकाए? बाइबल सम्बन्धी तिनीहरूको धारणा कस्तो थियो र बाइबललाई तिनीहरूले गर्ने व्याख्याको तरिका कस्तो थियो? परमेश्वरलाई विश्वास नगर्ने वा उहाँबाट प्रेरित नभएका बुद्धिजिवि र परमेश्वरको वचनप्रति शङ्का र वादविवाद गर्नेहरूले बाइबलप्रति गलत धारणा उब्जाए पनि त्यसको बिपरीत येशू र चेलाहरूले बाइबल वा पुरानो करारलाई कुन तरिकाले बुझेका थिए सो हामी यस अध्यायमा छलफल गर्नेछौं।

## १. यो लेखिएको छ

येशूको सार्वजनिक सेवाकार्य बप्तिस्मा दिने यूहन्नाले बप्तिस्मा दिएपछि सुरु भएको थियो। उहाँले बप्तिस्मा लिनेबित्तिक्कै पवित्र आत्माले उहाँलाई यहूदियाका मरुभूमि वा उजाडस्थानमा जान अगुवाइ गर्नुभएको थियो। चालिस दिनको प्रार्थना र उपवास पछि उहाँ धेरै भोकाउनुभएको थियो र उहाँले मानवीय कमजोरीको पराकाष्टालाई सहनुभएको थियो। त्यस्तो बेला उहाँलाई फसाउन शैतान खडा भएको थियो।

**शैतानले येशूलाई फसाउन र उसको काबुमा राख्न तीन उल्लेखनीय प्रलोभन वा परीक्षा गरेको थियो। तर शैतानसँग मुकाविला गर्न येशूले के सुरक्षात्मक औजार प्रयोग गर्नुभएको थियो? बाइबलमा लेखिएको त्यस घट्नाबाट अहिले पनि हामी के सिक्नसक्छौं? हेर्नुहोस्, मत्ती ४:१-११ "१ तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। २ उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो। ३ तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" ४ तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ'।" ५ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खड़ा गरायो, ६ र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" ७ येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।" ८ फेरि दियाबलसले उहाँलाई**

**एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, ९ र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।" १० तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तँ दूर होइजा! किनभने लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" ११ तब दियाबलस उहाँलाई छोड़ेर गयो र स्वर्गदूतहरूले आएर उहाँको सेवा-टहल गरे।"**

भोकले आकुलव्याकुल हुनुभएको येशूलाई उहाँको सृष्टि गर्ने अधिकारप्रति नै चुनौति दिँदै यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने ढुङ्गालाई रोटी बनाउनुहोस् र खानुहोस् भनेर शैतानले परीक्षा गर्दा उहाँले बाइबलको पदलाई नै हतियार वनाएर ठाडै जवाफ दिनुभएको थियो, "यो लेखिएको छ, मानिस रोटी खाएर मात्रै बाँच्दैन तर परमेश्वरको मुखारबाट निस्केका प्रत्येक वचनले बाच्नसक्छ" (मत्ती ४:४ रूपान्तरित)। यसको अर्थ येशूले जीवित वचनलाई औंल्याएर त्यस वचनको स्रोत परमेश्वर नै हुनुहुन्छ भनेर जिकिर गर्नुभएको थियो। यसरी उहाँले धर्मशास्त्र बाइबलको आधिकारिकतालाई अनुमोदन गर्नुभएको थियो। संसारका राज्यहरू र महिमा तथा यश उहाँको हातमा स्वःत पर्नेछ। त्यस्तै शैतानले उहाँलाई ढोग्न भनी देखाएको प्रलोभनप्रति येशूले उसको मुखैमा यस्तो जवाफ दिनुभएको थियो, "यसरी लेखिएको छ 'तिमीले तिम्रो परमेश्वरलाई मात्र पूजा गर्नु वा ढोग्नु र उहाँकोमात्र सेवा गर्नु" (मत्ती ४:१०, लूका ४:८ रूपान्तरित)। सत्य आराधना, उपासना वा पूजाको केन्द्रविन्दु परमेश्वर हुनुहुन्छ अरू कुनै थोक वा व्यक्ति होइन र त्यसो गर्नु भनेको परमेश्वरको वचनमा समर्पित हुनु हो भनेर येशूले हामीलाई याद दिलाउनुहुन्छ। आफ्नो फूर्ति देखाउन र जे गरेपनि हुन्छ परमेश्वरले जोगाइ हाल्नुहुन्छ भन्ने जस्ता मानसिक प्रलोभन वा परीक्षाद्वारा शैतानले जाँचगर्दा येशूले धर्मशास्त्रबाटै जबाफ दिएर भन्नुभयो, "यो लेखिएको छ 'तिमीले तिम्रो परमेश्वरको परीक्षा नगर्नु'" (मत्ती ४:७, लूका ४:१२ रूपान्तरित)।

तिनै प्रलोभन वा परीक्षाहरूमा येशूले बाइबलाई नै अस्त्रको रूपमा प्रयोग गरेर शैतानसँग मुकाबिला गर्नुभएको थियो। "यसरी लेखिएको छ" भनेर उहाँले जिकिर गर्नुभएको थियो। त्यसको अर्थ शैतानले आक्रमण गर्दा र छलमा फसाउन खोज्दा येशूले कुनै अरू अस्त्र प्रयोग गर्नु भएन बरू सिधै परमेश्वरको वचनद्वारा सामना गर्नुभएको थियो। यो हाम्रो निम्ति अत्यन्तै

प्रभावकारी र मूल्यवान पाठ हो भनेर हामीले बुझ्नुपर्छः हाम्रो सम्पूर्ण आस्था वा विश्वासको जग वा उच्च आदर्श नीति नै बाइबल र बाइबलमात्रै हुनुपर्दछ।

आफ्नो प्रतिद्वन्द्वीको आक्रमणलाई सामना गर्न येशूले बाइबल र बाइबलमात्रै प्रयोग गर्ने तरिका अपनाउनुभएको थियो। येशू परमेश्वर हुनुहुन्छ र शैतानसँग मुकाबिला गर्न उहाँले परमेश्वरको वचनमा नै आफूलाई समर्पित गर्नुभएको थियो।

हो, हाम्रो जीवनमा आइपर्ने कुनै पनि चुनौतिसँग भिड्न बाइबल र बाइबलमात्रै प्रयोग गर्नुपर्छ, यो कसैको धारणा वा मन्तव्य होइन र यो कुनै वढाइचढाइ गरिएको कुरा पनि होइन, न त यो अरूमाथि बैरभाव वा प्रतिस्पर्धा गरेर देखाउने नीति नै हो बरू धर्मशास्त्र बाइबलको सरल तर गहन वचनहरूको प्रयोगले जीवनलाई सुदृढ बनाउन मद्दत गर्छ। येशूको निम्ति उहाँको महान् आधिकारिक र अत्यन्तै शक्तिशाली औजार धर्मशास्त्र थियो। यसरी उहाँले आप्नो सेवाकार्य परमेश्वरको वचनमा नै आधारित भएर सुरु गर्नुभएको थियो। उहाँले बाइबलप्रतिको विश्वसनीयतामा  दृढ हुँदै आफ्नो सेवाकार्यलाई निरन्तरता दिनुभएको थियो।

**परमेश्वरको वचनमा मात्र निर्भर हुन र त्यसमा नै समर्पित हुन हामीले कसरी सिक्ने?**

## २. येशू र व्यवस्था

**देहायका पदहरू पढ्नुहोस्। कुन सन्दर्भमा येशूले यो भाव व्यक्त गर्नुभएको थियो। हेर्नुहोस् मत्ती ५:१७-२० "१७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।", मत्ती २२:२३-३२ "२३ मृतकहरूको पुनरुत्थान हुँदैन भन्ने सदुकीहरू त्यसै दिन उहाँकहाँ आए, र तिनीहरूले उहाँलाई यो प्रश्न गरे, २४**

"गुरुज्यू, मोशाले भनेका छन्, कोही मानिस निस्सन्तान मऱ्यो भने उसको भाइचाहिँले दाज्यूकी पत्नीलाई विवाह गरेर दाज्यूको सन्तान खड़ा गर्नुपर्छ। २५ हाम्रा बीचमा सात दाजुभाइ थिए। जेठोले विवाह गरेपछि ऊ मऱ्यो, र सन्तान नभएकोले उसको भाइको निम्ति पत्नी छोड़ेर गयो। २६ उसै गरी माहिलाले र साहिँलाले पनि, र सातौँसम्मले त्यसै गरे। २७ तिनीहरू सबै मरेपछि त्यस स्त्रीको पनि मृत्यु भयो। २८ यसकारण मृतकहरूको पुनरुत्थान हुँदा ती सातै जनामध्ये त्यो स्त्री कसकी पत्नी हुनेछ? किनभने त्यो सबैकी पत्नी भइसकेकी थिई।" २९ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू भ्रममा परेका छौ, किनकि तिमीहरू धर्मशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ। ३० किनकि मृतकहरूको पुनरुत्थानमा मानिसहरूले विवाह गर्दैनन्, न विवाह गरिदिन्छन्, तर तिनीहरू स्वर्गका स्वर्गदूतहरूजस्ता हुन्छन्। ३१ तर मृतकहरूका पुनरुत्थानको विषयमा परमेश्वरले तिमीहरूलाई के भन्नुभएको छ, त्यो तिमीहरूले पढ़ेका छैनौ? ३२ 'म अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।' परमेश्वर मृतकहरूका परमेश्वर हुनुहुन्न, तर जीवितहरूका परमेश्वर हुनुहुन्छ।" र मत्ती २३:१-३ "१ तब येशूले भीड़हरू र आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः २ "शास्त्रीहरू र फरिसीहरू मोशाको आसनमा बस्तछन्। ३ यसकारण तिनीहरूले भनेका कुरा गर र मान, तर तिनीहरूले गरेजस्तो चाहिँ नगर, किनकि तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार गर्दैनन्।"

परमेश्वरको वचन र व्यवस्थाप्रति आज्ञाकारी हुन येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको थियो। पवित्र धर्मशास्त्र बाइबलको गरिमा र आधिकारिकताप्रति येशूले कहिल्यै पनि र अलिकति पनि शङ्का देखाउनुभएको थिएन। बरु येशूले निरन्तररूपमा बाइबलको आधिकारिक स्रोत परमेश्वर हुनुहुन्छ भनेर सम्बोधन गर्नुभएको थियो। धर्मशास्त्रका पण्डितहरूलाई येशूले ठाडै भन्नुभयो, "तिमीहरू गलत छौ। तिमीहरूले न त धर्मशास्त्र जानेका छौ न त त्यसको शक्ति" (मत्ती २२:२९ रूपान्तरित)। सत्य कुरो जान्न र अझ परमेश्वर जो सत्य हुनुहुन्छ उहाँलाई चिन्न बाइबलको केवल बौद्धिक ज्ञान र यसले सिकाएका कुराहरू थाहा पाउनु मात्रै पर्याप्त होइन भनेर येशूले सिकाउनुभएको थियो।

**मोशाले दिइएका व्यवस्थाप्रति येशूको धारणा कस्तो थियो भनेर देहायका पदहरूले हामीलाई कसरी देखाउँछन्? हेर्नुहोस्, मत्ती २२:३७-४० "३४ उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए। ३५ तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने**

**विचारले उहाँलाई सोधे, ३६ "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" ३७ उहाँले तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।"**

व्यवस्थाको शास्त्रीलाई येशूले दश आज्ञाको सारांश वा निचोड बताउनुभएको थियो। दश आज्ञा मोशामार्फत परमेश्वरले १५०० वर्ष अघि दिनुभएको थियो। पुरानो करारको व्यवस्थालाई येशूले कसरी मान्यता दिनुभयो र यसको गरिमालाई अति उच्च तहमा राख्नुभएको तथ्यलाई हामीले बुझ्नु जरुरी छ। तर धेरै इसाईहरू चाहे ती बाइबलका महाविद्वानहरू नै किन नहुन् जो येशूले नयाँ आज्ञा दिनुभएको थियो तर अब पुरानो करारको व्यवस्थालाई नयाँ करारले निलम्बन गरेको छ भनेर गलत शिक्षा सिकाउँदछन्। तर वास्तविकता त यो हो कि येशूले जे सिकाउनुभयो त्यो पुरानो करारकै व्यवस्थामा आधारित भएर सिकाउनुभएको थियो। येशूले व्यवस्था वा दश आज्ञाहरूलाई अझ स्पष्ट पार्दै त्यसको व्यवहारिक अर्थलाई खुलस्त गर्नुभएको थियो। "ती दुई आज्ञाहरूमा सबै व्यवस्था र अगमवक्ताहरू भरपर्दछन्" भनेर उहाँले सुनाउनु भएको थियो। प्रथम् चार आज्ञाहरूले परमेश्वर र मानिसको बीचमा हुने सम्बन्धलाई स्पष्ट पार्दछ भने दोस्रो छ आज्ञाहरूले मानिस र मानिसको बीचमा हुने पारस्परिक सम्बन्धलाई स्पष्ट पार्दछ। यसरी "व्यवस्था र अगमवक्ताहरू" भनेर उहाँले सम्पूर्ण पुरानो करारलाई उचाल्नुहुन्छ। व्यवस्था, अगमवक्ता र लेखहरू भन्दा पुरानो करारका तिन खण्डहरूलाई छोटकरीमा सम्बोधन गरिन्छ।

"येशू पुरानो करार (धर्मशास्त्र) लाई विवादरहित आधिकारिक शास्त्र हो भनेर औंल्याउनुहुन्छ। हामीले पनि त्यही गर्नुपर्छ। बाइबल अनन्त र सर्वशक्तिमान परमेश्वरको वचन हो भनेर प्रस्तुत गरिनुपर्छ। शैतानसँग भइरहेको महान् विवाद वा संघर्ष र सबै विश्वासको जगको अन्त नै बाइबल हो भनेर सबैको सामु प्रस्तुत गरिनुपर्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. ३९,४०बाट रूपान्तरित।

**तपाईंले कसैलाई परमेश्वरको वचनको बारेमा बुझाइरहँदा तपाईं भन्दा जान्ने कोही अधिकारिक व्यक्ति, परिवारको सदस्य, दर्शन वा संस्कारले चुनौति दियो भने तपाईं के गर्नुहुन्छ?**

## ३. येशू र सम्पूर्ण बाइबल

सुसमाचारको बारेमा सिकाउन धर्मशास्त्रलाई येशूले कसरी प्रयोग गर्नुभयो? हेर्नुहोस्,

लूका २४ "१ हप्ताको पहिलो दिन बिहान सखारै ती स्त्रीहरूले तयार गरेका सुगन्धित द्रव्य लिएर तिनीहरू चिहानमा आए। २ तिनीहरूले ढुङ्गा चिहानबाट हटाएको भेट्टाए। ३ तर भित्र पस्दा तिनीहरूले प्रभु येशूको शरीर पाएनन्। ४ जब तिनीहरू यस विषयमा अलमल्ल परिरहेका थिए, तब चहकिलो पोशाक पहिरिएका दुई पुरुषहरू तिनीहरूका छेवैमा खड़ा भए। ५ तिनीहरू भयभीत भए अनि जमिनतिर शिर झुकाए, तर ती दुई पुरुषले भने, "तिमीहरू जीवित व्यक्तिलाई मृतकहरूका बीचमा किन खोज्छौ? ६ उहाँ यहाँ हुनुहुन्न, तर जीवित भई उठ्नुभएको छ। गालीलमा हुनुहुँदा उहाँले तिमीहरूलाई के भन्नुभएको थियो त्यो याद गर, ७ कि मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ'।" ८ तिनीहरूले उहाँका वचन सम्झे। ९ अनि चिहानबाट फर्केर तिनीहरूले यी सबै कुरा एघार चेलाहरू र अरू सबैलाई बताए। १० ती स्त्रीहरूचाहिँ, मरियम मग्दलिनी, योअन्ना, र याकूबकी आमा मरियम थिए। तिनीहरूसँग रहेका अरू स्त्रीहरूले पनि यी कुरा प्रेरितहरूलाई भने। ११ तर तिनीहरूले यी कुरा वाहियात हुन् भन्ठाने, र तिनीहरूले विश्वास गरेनन्। १२ तर पत्रुस उठेर चिहानमा दौड़िर गए, र निहुरेर हेर्दा सूती कपड़ाका पट्टीहरू मात्र देखे। त्यो घटना देखेर अचम्म मानी उनी गइहाले। १३ त्यही दिन उहाँका चेलाहरूमध्ये दुई जना यरूशलेमबाट प्रायः एघार किलोमिटर टाढ़ाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए। १४ घटेका सबै घटनाहरूबारे तिनीहरू आपसमा बातचित गर्दैथिए। १५ तिनीहरू आपसमा बातचित गर्दै र बहस गरिरहेको बेला येशू आफै नजिक आएर तिनीहरूका साथ लाग्नुभयो, १६ तर तिनीहरूका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए। १७ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू हिँड्दै आपसमा के बहस गरिरहेका छौ?" तिनीहरू उदास भएर टक्क अड़िए। १८ ती दुईमध्ये क्लेओपासले उहाँलाई जवाफ दिए, "यरूशलेम घुमफिर गरी आउने भएर पनि हिजोआज त्यहाँ के घटिरहेछ तपाईंलाई थाहा छैन?" १९ उहाँले तिनीहरूलाई सोध्नुभयो, "कुन कुरा?" तिनीहरूले जवाफ दिए, "येशू नासरीको बारेमा, उहाँ एक जना अगमवक्ता हुनुहुन्थ्यो, र परमेश्वर र सबै मानिसहरूका सामुन्ने काम र वचनमा शक्तिशाली हुनुहुन्थ्यो। २० तर मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई मृत्युदण्डको निम्ति सुम्पिदिए, र

उहाँलाई क्रूसमा टाँगे। २१ इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने
हामीले चाहिँ आशा गरेका थियौं। यी सब कुरा छोड़ेर, यो घटना घटेको आज
तेस्रो दिन हो। २२ यसबाहेक हामी मध्येका कोही-कोही स्त्रीहरूले हामीलाई
चकित बनाएका छन्। तिनीहरू आज बिहान सखारै चिहानमा गए, २३ र
येशूको शरीर भेट्टाएनन्। तिनीहरूले आएर हामीहरूलाई सुनाए, 'हामीले
स्वर्गदूतहरूलाई देख्यौं, जसले येशू जीवित हुनुहुन्छ भने।' २४ हामीहरूमध्येका
कोही-कोही चिहानमा गए, र ती स्त्रीहरूले जे भनेका थिए, त्यस्तै भेट्टाए, तर
उहाँलाई चाहिँ देखेनन्।"

२५ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए अबूझ मानिस हो, तिमीहरूका
हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ!
२६ के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक
थिएन र?" २७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले
धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई
खोलिदिनुभयो। २८ तिनीहरू जुन गाउँमा गइरहेका थिए त्यसको नजिकै पुगे।
उहाँ अझै पर जान चाहने जस्तो गर्नुभयो। २९ तर तिनीहरूले उहाँलाई यसो
भनेर कर लाए, "हामीसँगै बस्नुहोस्, किनकि साँझ पर्न लाग्यो, र दिन धेरै
ढल्किसकेको छ।" अनि उहाँ तिनीहरूसँग बस्नलाई घरभित्र पस्नुभयो। ३० जब
येशू तिनीहरूसँग खान बस्नुभयो उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर
तिनीहरूलाई दिन लाग्नुभयो। ३१ तब तिनीहरूका आँखा खुले, र तिनीहरूले
उहाँलाई चिने। अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो। ३२
तिनीहरूले आपसमा भने, "उहाँ हामीसँग बाटोमा बातचित गर्नुहुँदा, र हामीलाई
धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र?" ३३
तिनीहरू त्यति नै बेला उठेर यरूशलेममा फर्के, र एघार चेला र तिनीहरूसँग
जम्मा भएकाहरूलाई भेटे, ३४ र तिनीहरूलाई यसो भने, "प्रभु साँच्चै नै जीवित
भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ।" ३५ तिनीहरूले
बाटोमा भएका कुराहरू र रोटी भाँच्दाखेरि कसरी तिनीहरूले उहाँलाई चिने, सो
बताइदिए। ३६ तिनीहरूले यी कुरा गर्दागर्दै येशू तिनीहरूका बीचमा खड़ा
हुनुभयो, र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।" ३७ तिनीहरू तर्से, र डरले
आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे। ३८ तर उहाँले तिनीहरूलाई
भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ, र तिमीहरूका हृदयमा किन शङ्का
उत्पन्न हुन्छ? ३९ मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर।
किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन्।" ४० यसो

**भन्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो। ४१ तर खुशीले पत्यार गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूसित यहाँ केही खानेकुरो छ?" ४२ तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए। ४३ अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो। ४४ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।" ५० त्यसपछि उहाँले तिनीहरूलाई बेथानियासम्म लैजानुभयो, र आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो। ५१ उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो र स्वर्गमा लगिनुभयो। ५२ तिनीहरूले उहाँको उपासना गरे, र बड़ो आनन्दसाथ यरूशलेम फर्के। ५३ अनि तिनीहरू परमेश्वरको प्रशंसा गर्दै मन्दिरमा निरन्तर रहन लागे।"**

येशू ख्रीष्टको मृत्युपछि चेलाहरू अत्यन्तै अलमलमा परेका थिए र तिनीहरूको दिमाग नै भद्रगोल भएको थियो। तिनीहरूमा येशूप्रति शङ्‌काहरू पनि उब्जन थालेका थिए। येशूले आफूलाई मार्न किन सुम्पिदिनुभयो? त्यसको अर्थ के हो? यस लूका २४ अध्यायमा येशू दुई पल्ट देखा पर्नुभएको थियो। प्रथम पल्ट इम्माइयुसको बाटो हुँदै गएका दुई जना चेलाहरूकहाँ देखा पर्नुभएको थियो भने दोस्रो पल्ट चेलाहरू के गर्ने के नगर्ने भनेर अलमलमा परेर जम्मा भइरहेको बेलामा। चेलाहरूसँगको प्रत्यक्ष भेटघाटमा येशूले तिनीहरूलाई कसरी पुरानो करारमा आफ्नो बारेमा उल्लेख गरिएका भविष्यवाणीहरू पूरा भएका थिए भनेर व्याख्या गर्नुभएको थियो: "मोशा र सबै भविष्यवक्ताहरूदेखि सुरु गरेर धर्मशास्त्रमा आफ्नो बारेमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई बताउनुभएको थियो" (लूका २४:२७ रूपान्तरित)।

फेरि लूका २४:४४,४५मा उहाँले भन्नुभएको थियो "यी मेरा वचनहरू हुन्...मेरो बारेमा मोशाको व्यवस्थामा र अगमवक्ताहरूको लेखहरूमा र भजनमा लेखिएका सबै कुरा पूरा हुन आवश्यक थियो" (रूपान्तरित)। अनि

"तिनीहरूले धर्मशास्त्र बुझ्न सकून् भनेर उहाँले तिनीहरूको दिमाग खोलिदिनुभएको थियो" (रूपान्तरित)।

विशेष गरेर लूका २४:२७ मा औँल्याइएको वाक्यमा ध्यान दिनुहोस् जसमा लेखिएको छ "सबै धर्मशास्त्रहरूमा।" कुन धर्मशास्त्र भन्दा मोशाको व्यवस्था, अगमवक्ता र भजनहरूमा भनेर दोस्रो अंशलाई जोड दिएर उहाँले भन्नुभयो (लूका २४:४४ रूपान्तरित)। यसले यो स्पष्टरूपमा बताउछ कि येशूले नै जानकारी दिनुभयो वचन देहधारी हुनुभयो (यूहन्ना १:१-३,१४) र सयौं वर्ष अघि आफ्नो बारेमा गरिएको भविष्यवाणी पूरा भएको आधिकारिक स्रोत पुरानो करार नै हो भनेर उहाँले व्याख्या गर्नुभएको थियो। धर्मशास्त्रको सम्पूर्णतालाई औँल्याउनुभएर आफ्नै अनुकरणीय उदाहरणद्वारा त्यसको आधिकारिक प्रतिष्ठालाई येशूले जोगाउनुभएको थियो। जब चेलाहरू सुसमाचार सुनाउन संसारभरि फैलिन्छन् तब तिनीहरूले पनि नयाँ विश्वासीहरूलाई धर्मशास्त्र नै व्याख्या गरेर सुसमाचारको ज्ञान र शक्तिलाई सम्झाएर सिकाउनुपर्दछ।

मत्ती २८:१८-२०मा येशूले भन्नुभएको वचन पनि ख्याल गर्नुहोस्। उहाँले तत्कालीन आफ्ना चेलाहरूलाई (र आज हामीलाई पनि) भन्नुभएको थियो "स्वर्ग र पृथ्वीका सबै अधिकार मलाई दिइएको छ" (रूपान्तरित)। तर त्यो अधिकारको आधिकारिकताको जग उहाँको पिता र सबै त्रीएक परमेश्वरमा नै निहित छ। उहाँले भन्नुभयो, "त्यसकारण सारा देशहरूमा जाऊ र सबै देशका मानिसहरूलाई चेला बनाऊ, तिनीहरूलाई पिता,पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देऊ" (रूपान्तरित)। अनि उहाँले मूल अंश थप्नुभयो "मैले तिमीहरूलाई आदेश दिएका सबै कुराहरू पालन गर्न तिनीहरूलाई सिकाऊ" (रूपान्तरित)। येशूले के सिकाउनुभयो र ती सिकाइहरूको पालना गर्न आदेश दिनुभयो त? उहाँका शिक्षादीक्षा सबै धर्मशास्त्र बाइबलमै आधारित थिए। परमेश्वरको वचनमा लेखिएका आधिकारिक भविष्यवाणी पूरा गर्न उहाँ आउनुभयो। धर्मशास्त्रका भविष्यवाणीहरूलाई पूरा गर्न उहाँले आफूलाई उहाँका पितासमक्ष सुम्पनुभएको थियो।

**यदि येशूले नै सबै धर्मशास्त्रलाई स्वीकार गर्नुभयो भने हामीले पनि त्यही किन नगर्ने? फेरि, धर्मशास्त्र बाइबलमा लेखिएका कतिपय कुराहरू वर्तमान संसारमा व्यवहारिक नभएतापनि त्यसको आधिकारिकतालाई स्वीकार गर्न हामीले कसरी सिक्ने? सोच्नुहोस्।**

## ४. येशू , बाइबलको सुरुवात र इतिहास

बाइबल परमेश्वरको वचन हो र यसमा जे लेखिएको छ सो परमेश्वरकै बोली हो भनेर येशूले सिकाउनुभएको थियो। बाइबलको जन्मदाता नै परमेश्वर हुनुहुन्थ्यो। त्यसैकारणले हाम्रो जीवनको प्रत्येक पल कसरी चल्नुपर्छ भनेर आधिकारिकरूपमा खटाउने आधार बाइबल हो अर्थात् यसमा भएका सामग्रीहरूमा हाम्रो जीवनमा लागु गर्नुपर्ने नीतिहरू छन्। मानव जातिको निम्ति परमेश्वरको इच्छा इतिहासबाट काम गर्नुहुन्छ भनेर बाइबलले प्रकट गर्दछ। उदाहरणमा मत्ती १९:४मा मोशाको भनाइलाई येशूले औँल्याउनुहुन्छ। धर्मशास्त्रबाट येशूले यो अंश उतारेर भन्नुहुन्छ "उहाँ जसले सुरुमा तिनीहरूलाई सृष्टि गर्नुभयो उहाँले भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोडेर पति र पत्नी एक हुन्छन्।" धर्मशास्त्रमा भनिए अनुसार नभनेर येशूले भन्नुभयो, "उहाँ जसले सुरूमा तिनीहरूलाई सृष्टि गर्नुभयो..." उत्पत्तिको लेखलाई सृष्टिकर्ताको वचन हो भनेर येशूले ठम्याउनुभएको थियो। लिखितरूपमा मोशाले प्रस्तुत गरेपनि आफूले उतारेको वाक्यको लेखक परमेश्वर हुनुहुन्छ भनेर येशूले भन्न खोज्नुभएको थियो।

**देहायका पदहरू पढ्नुहोस्। ऐतिहासिक व्यक्तिहरू र घटनाहरूको बारेमा येशूको बुझाइ कस्तो थियो? हेर्नुहोस्ः मत्ती १२:१-८ "१ त्यस समय येशू शबाथमा अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। उहाँका चेलाहरू भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे। २ तर फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर्नोस्, तपाईंका चेलाहरू शबाथमा जे गर्नु अनुचित छ, त्यही गर्दछन्।" ३ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, उनी र उनका साथमा हुनेहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४ कसरी उनले परमेश्वरको भवनभित्र पसेर चढ़ाइएको रोटी खाएथे? त्यो रोटी खान न त उनलाई न उनीसँग हुनेहरूलाई, तर केवल पूजाहारीहरूलाई मात्र उचित थियो। ५ अथवा के व्यवस्थामा पढ़ेका छैनौ, कसरी शबाथमा पूजाहारीहरूले मन्दिरमा शबाथलाई अपवित्र तुल्याउँछन्, र पनि निर्दोषी ठहरिन्छन्? ६ तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ। ७ तर 'म बलिदान होइन, दया चाहन्छु' भनेको अर्थ के हो सो तिमीहरूले जानेका भए तिमीहरूले निर्दोषीलाई दोष लाउनेथिएनौ। ८ किनकि मानिसको पुत्र शबाथको प्रभु हो।", मर्कूस १०:१-९ "१ त्यस ठाउँलाई छोड़ेर यर्दन नदीको पारि यहूदियाको इलाकामा येशू जानुभयो र भीड उहाँकहाँ भेला भयो, अनि उहाँको रीतिअनुसार तिनीहरूलाई फेरि उहाँले शिक्षा दिनुभयो।**

२ फरिसीहरू उहाँकहाँ आएर उहाँलाई परीक्षा गरी सोधे, "के कोही मानिसले आफ्नी पत्नीसँग विवाहविच्छेद गर्नु न्यायसङ्गत छ? ३ उहाँले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "मोशाले तिमीहरूलाई के आज्ञा दिएका छन्।" ४ तिनीहरूले भने, "एउटा त्यागपत्र लेखेर मानिसले आफ्नी पत्नीसँग विवाहविच्छेद गर्न सक्छ भनी मोशाले अनुमति दिएका छन्।" ५ तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूका हृदयको कठोरताले गर्दा उनले तिमीहरूलाई यो आज्ञा लेखिदिए। ६ तर सृष्टिको आरम्भदेखि परमेश्वरले तिनीहरूलाई नर र नारी गरी बनाउनुभयो। ७ 'यसैकारण मानिस आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, ८ र ती दुई जना एउटै शरीर हुनेछन्।' तिनीहरू फेरि दुई होइनन्, तर एउटै शरीर हुन्छन्। ९ यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, मानिसले नछुट्ट्याओस्।", लूका ४:२५-२७ "२५ तर वास्तवमा म तिमीहरूलाई भन्दछु, इस्राएलमा एलियाको समयमा धेरै विधवाहरू थिए, त्यस बेला जब साढ़े तीन वर्ष वृष्टि रोकियो, यहाँसम्म कि सारा देशमा ठूलो अनिकाल परेको थियो। २६ तर एलिया सीदोन देशको सारपतमा भएकी एउटी विधवाकहाँ मात्र पठाइए, अरू कसैकहाँ पठाइएनन्। २७ एलीशा अगमवक्ताको बेलामा इस्राएलमा धेरै कुष्ठरोगीहरू भए तापनि सिरियाली नामान मात्र निको पारिए, अरू कोही निको पारिएनन्।" , लूका ११:५१ "हो, म तिमीहरूलाई भन्दछु, हाबिलको रगतदेखि लिएर, वेदी र मन्दिरको पवित्र-स्थानको माझमा मारिएका जकरियासम्मका रगतको लेखा यस पुस्तासँग लिइनेछ।" र मत्ती २४:३६-३९ "३६ "तर त्यस दिन र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले। ३७ मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ। ३८ किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए, ३९ अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन्। मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ।"

पुरानो करारका मानिसहरू, ठाउँहरू र घटेका घट्नाहरू ऐतिहासिक तथ्य हुन् भनेर येशूले निरन्तररूपमा मानिरहनुभएको थियो। उहाँले उत्पत्ति १ र २, उत्पत्ति ४को हाबेल, दाउद र पवित्र रोटी र एलिशा र अरू ऐतिहासिक पात्रहरूको बारेमा सम्बोधन गर्नुभएको थियो। पुरानो करारका अगमवक्ताहरूले पाएका सतावटहरूको बारेमा उहाँले बारम्बार बोल्नुभएको थियो (मत्ती ५:१२, मत्ती १३:५७, मत्ती २३-३४-३६, मर्कूस ६:४)। चेतावनीको सन्देश दिँदै

येशूले नोआको समयमा भएका गतिविधिहरूको बारेमा पनि व्याख्या गर्नुभएको थियोः "तिनीहरू खादै र पिउँदै थिए, विवाहवारी चलाइरहेका थिए। जब नोआ डुङ्गामा पसे र बाढी आएर तिनीहरूलाई नबगाएसम्म तिनीहरूलाई के हुनेछ सो तिनीहरूले थाहा पाएनन्। त्यस्तै मानिसको पुत्रको आगमनको समयमा पनि हुनेछ" (मत्ती २४:३८, ३९ रूपान्तरित)। जलप्रलयको शक्तिशाली क्रियाकलापद्वारा परमेश्वरले गर्नुभएको न्याय ऐतिहासिक तथ्य हो भनेर येशूले ठोकुवाका साथ सम्बोधन गर्नुभएकोमा कुनै विवादै छैन।

**पुरानो करारमा भएका घट्नाहरू, स्थान र पात्रहरू वास्तविकै हुन् भनेर येशूले सम्बोधन गर्नुभएको परिप्रेक्ष्यमा कतिपय इसाई विद्वान भनाउँदाहरू नै किन नहुन् जो बाइबलका कथाहरू काल्पनिक र त्यसको ऐतिहासिक अस्तित्व छैन भनेर दावी गर्नेहरू शैतानको धोखामा परेका हुन्छन् भनेर हामीले कसरी बुझ्ने? बाइबलको इतिहासप्रति शङ्का गर्ने घेरामा नपर्न हामी कसरी सजग हुने?**

## ५. प्रेरितहरू र बाइबल

जुन तरिकाले बाइबललाई येशूले हेर्नुभयो त्यही तरिकाले नयाँ करारका लेखकहरूले पनि हेर्दछन्। शिक्षादीक्षा, आदर्श चरित्र वा नैतिक मूल्यमान्यता र भविष्यवाणी पूरा हुने कुरामा पुरानो करारलाई नै परमेश्वरको वचन भनेर आधिकारिक मान्यता तिनीहरूले दिएका थिए। बाइबलको आधिकारिकता र त्यसको प्रमाणिकरणलाई ती लेखकहरूले कहीँ पनि, कहिल्यै पनि र कुनै तरिकाले चुनौति दिएको देखिदैन। बाइबलको कुनै भागलाई पनि तिनीहरूले अबमूल्यन गरेको पाइदैन।

**नयाँ करारका प्रेरित वा लेखकहरूले पुरानो करार वा परमेश्वरको वचनको आधिकारिक मान्यतालाई कसरी बुझे भनेर देहायका पदहरूले हामीलाई कसरी देखाउँछ? प्रेरित १३:२६-४१ "२६ "ए, अब्राहामका वंशको सन्तान, र तिमीहरूमध्ये परमेश्वरको डर मान्ने ए भाइ हो, हामीकहाँ नै यो मुक्तिको सन्देश पठाइएको छ। २७ किनभने यरूशलेमका बासिन्दा र तिनीहरूका शासकहरूले उहाँलाई नचिनेर र हरेक शबाथमा पढ्िने अगमवक्ताका वचनहरू नबुझेर उहाँलाई दण्डको आज्ञा दिई ती वचन पूरा गरे। २८ ज्यानसजायको केही कारण नपाए तापनि तिनीहरूले उहाँलाई मार्नुपर्छ भनी पिलातससँग बिन्ती गरे, २९ र उहाँको विषयमा लेखिएका सबै कुरा तिनीहरूले पूरा गरेपछि तिनीहरूले उहाँलाई काठबाट झारेर चिहानमा राखे। ३० तर परमेश्वरले उहाँलाई मृतकबाट जीवित पार्नुभयो। ३१ आफूसँग गालीलबाट यरूशलेममा**

आउनेहरूकहाँ उहाँ धेरै दिनसम्म देखा परिरहनुभयो, र उनीहरू अहिले जनतामा उहाँका साक्षी छँदैछन्। ३२ “परमेश्वरले पिता-पुर्खालाई गर्नुभएको त्यो प्रतिज्ञाको सुसमाचार हामी तपाईंहरूकहाँ ल्याउँछौं। ३३ अर्थात्, कसरी परमेश्वरले येशूलाई जीवित पारी उठाएर त्यो कुरो हामी, तिनीहरूका सन्तानका निम्ति पूरा गरिदिनुभयो, जस्तो दोस्रो भजनमा (भजन २:७) पनि लेखिएको छ, ‘तिमी मेरा पुत्र हौ, आजको दिन मैले तिमीलाई जन्माएको छु।’ ३४ उहाँले ख्रीष्टलाई कहिले नसड्ने गरी मृतकबाट जीवित पार्नुभएको विषयमा चाहिँ यसो भन्नुभएको छ, ‘म तिमीहरूलाई दाऊदलाई दिएका पवित्र र अटल आशीर्वाद दिनेछु।’ ३५ किनकि अर्को ठाउँमा पनि यसो भनिएको छ, ‘तपाईंले आफ्ना पवित्र जनको शरीर सड्न दिनुहुनेछैन।’ ३६ “किनकि उनको आफ्नै पुस्तामा परमेश्वरको उद्देश्यअनुसार सेवा गरेर मरेपछि उनका पिता-पुर्खाहरूसँग दाऊद गाडिए, र उनको शरीर सड़ेर गयो। ३७ तर जसलाई परमेश्वरले मृतकबाट जीवित पार्नुभयो उहाँको शरीरचाहिँ सड़ेन। ३८ “यसकारण भाइ हो, तपाईंहरूलाई थाहा होस्, कि यी नै मानिसद्वारा पाप-क्षमा हुन्छ भन्ने घोषणा तपाईंहरूलाई गरिएको छ। ३९ तपाईं विश्वास गर्नेहरू हरेकले उहाँद्वारा नै सबै कुराबाट छुटकारा पाउनुभएको छ, जुन छुटकारा मोशाको व्यवस्थाद्वारा तपाईंहरूका निम्ति सम्भव थिएन। ४० यसकारण होशियार रहनुहोस्, नत्रता अगमवक्ताहरूका पुस्तकमा भनिएका यी कुरा तपाईंहरूमाथि आइपर्नेछन्: ४१ ‘हे निन्दा गर्ने हो, हेर र आश्चर्य मान, अनि नष्ट भइजाओ, किनकि तिमीहरूको समयमा म एउटा काम गर्छु, यस्तो काम जसको विषयमा कसैले बयान गरिदिए पनि तिमीहरूले कहिल्यै विश्वास गर्नेछैनौ’।” (हबकूक १:५)।

रोमी ९:१४-१८ "१४ अब हामी के भनौं? के परमेश्वरमा अन्याय छ त? कदापि होइन! १५ उहाँ मोशालाई भन्नुहुन्छ, “जसमाथि म कृपा गर्न चाहन्छु, त्यसलाई म कृपा गर्नेछु, र जसलाई म टिठ्याउन चाहन्छु, त्यसलाई म टिठाउनेछु।” १६ यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ। १७ कि धर्मशास्त्रले फारोलाई भन्छ, “म मेरो शक्ति तिमीमा देखाऊँ, र सारा पृथ्वीमा मेरो नाउँको घोषणा गरिओस् भन्ने अभिप्रायले मैले तिमीलाई खड़ा गरें।” १८ यसकारण उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा गर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ।" र गलाती ३:६-८ "६ अब्राहामलाई नै हेर, “उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।” (उत्पत्ति १५:६) ७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले

**विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तिमीमा नै सबै जातिले आशिष् पाउनेछन्" (उत्पत्ति १२:३) भन्ने सुसमाचार अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहमसँगै आशिष् पाएका छन्।"**

परमेश्वरको आवाजसँग पवित्र धर्मशास्त्र कतिसम्म सम्बन्धित छ भनेर माथि दिइएका अंशहरू राम्रोसँग ख्याल गर्नुहोस्। पवित्र आत्माले फेरि भरिनुभन्दा अघि पत्रुस र यूहन्नालाई झ्यालखानाबाट छुटाएर ल्याउदा चेलाहरूले परमेश्वरको स्तुतिप्रशंसा गरेका थिए भनेर प्रेरित ४मा उल्लेख गरिएको छ। तिनीहरूले परमेश्वरलाई चढाएको स्तुतिप्रशंसाको आवाजहरूमा परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र उहाँका सेवक दाउदबाट उहाँ नै बोल्नुभएको हो भनेर उनीहरूले स्वीकारेका थिए। अर्थात् दाउदका बोलीहरू परमेश्वरका बोलीहरू थिए। प्रेरित १३:३२-३६मा पावलले फेरि दाउदको बोली उतार्दछन् तर उनको बोली परमेश्वरको बोली हो भनेर पावलले पद ३२मा भन्दछन्: "परमेश्वरले पितापूर्खाहरूसँग जे बोल्नुभयो" (रूपान्तरित)।

रोमी ९:१७मा "धर्मशास्त्रले फारोलाई भनेको थियो" (रूपान्तरित) भन्नुको अर्थ वास्तविक रूपमा "परमेश्वरले फारोलाई जे भन्नुभयो" भन्ने जनाउँछ। गलाती ३:८मा "धर्मशास्त्र"को ठाउँमा "परमेश्वर" भनेर राखिएको छ। त्यसले परमेश्वरको वचनलाई आफूसँगै कसरी नजिकै रहेको देखाउँछ। अझ भन्ने हो भने नयाँ करारका लेखकहरूले एकैसाथ पुरानो करारलाई परमेश्वरको वचन भनेर त्यसमाथि भर परेको देखाउँछ। नयाँ करारमा पुरानो करारको सयौं भनाइहरूलाई उद्धृत गरिएको पाइन्छ। एक जना बाइबलका विद्वानले पुरानो करारबाट विशेष गरेर २६८८ भनाइहरू नयाँ करारमा उतारिएको छ भन्ने कुरा औंल्याएका छन्। तिनीहरूमा यशैयाबाट ४००, भजनबाट ३७०, प्रस्थानबाट २२० आदि छन्। तर जुन जुन विषयबस्तुहरूलाई औंल्याएर नयाँ करारमा पुरानो करारबाट उद्धृत गरिएका छन् ती धेरै नै छन् भनेपनि हुन्छ। नयाँ करारका पुस्तकहरू पुरानो करारका भविष्यवाणीका भनाइहरूलाई "यो लेखिएको छ" भन्ने वाक्यले भरिएको छ (मत्ती २:५,मर्कूस १:२, लूका २:२३, ३:४, रोमी ३:४, ८:३६, ९:३३, १ कोरन्थी १:१९, गलाती ४:२७, १ पत्रुस १:१६ आदि)। यी सबै कुराहरूले यो अनुमोदन गरेको छ कि येशू र चेलाहरूका शिक्षादिक्षाको जग पुरानो करार हो।

**बाइबलको गरिमा, आधिकारिकता, इज्जत वा प्रतिष्ठालाई जोगाउने आधार बाइबल नै हुनुपर्छ अन्यथा हामी गलत बाटोको खतरामा लागिरहेका हुन्छौं भनेर माथिको उदाहरणहरूले कसरी देखाउँछन्? बाइबलको आधिकारिकताप्रति हाम्रो विश्वास कुनै तरहले किन घटाउनु हुन्न?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित *द डिजाएर अफ एजेजको* पृ.६८-७४को "आज अ चाइल्ड" र पृ. ११४-१२३को "द टेम्पटेशन" पढ्नुहोस्।

"कतिपय मानिसहरू परमेश्वरको वचन वा बाइबलभन्दा आफूलाई बुद्धिमानी दावी गर्छन्, परमेश्वरभन्दा आफू जान्ने बनेर घमण्ड गर्छन्। आफ्ना खुट्टाहरू नहल्लिने जगमा राख्नुको सट्टा वा आफ्ना प्रत्येक सोचबिचार परमेश्वरको वचनले जाँच्नुको सट्टा तिनीहरूले आफ्नै दर्शन, विज्ञान र प्रकृतिबाट नै परमेश्वरको वचनलाई जाँचेका हुन्छन्। यदि तिनीहरूको वैज्ञानिक धारणासँग परमेश्वरको वचन मिलेन भने त्यो वाहियात हो भनी ठान्दछन्।"-एलेन जी ह्वाइट *साइनस अभ द टाइम्स,* मार्च २७, सन १८८४, पृ.१बाट रूपान्तरित।

"**जो मानिस** परमेश्वरको वचनमा प्रकट भएका बुद्धिज्ञान र परमेश्वरको लक्ष्यसँग अत्यन्तै राम्रोसँग परिचित हुन्छन् ती पुरुष र स्त्रीको दिमाग बलियो हुन्छ र तिनीहरू अत्यन्तै महान् शिक्षित व्यक्ति वनेर येशूसँग काम गर्न लायक र सिपालु हुन्छन्...आफ्ना जनहरूलाई येशूले सत्यका वचनहरू दिनुभएको छ। संसारमा ती सत्यका वचनहरू फैलाउन उहाँका सबै भक्तहरूलाई आह्वान गर्नुहुन्छ। परमेश्वरको वचन वा सत्यबाट अलग भएर कोही पनि चोखो वा पवित्र भएर बस्न सक्दैनन्। त्यसकारण प्रत्येक व्यक्तिले यो कुरा बुझ्न कत्तिको अनिवार्य भएको ठान्नु जरुरी छ।"-एलेन जी ह्वाइट, फन्डामेन्टलस अभ क्रिश्चियन एडुकेशन, पृ. ४३२बाट रूपान्तरित।

## चिन्तनमननः

**अ. यदि येशू, सुसमाचारका लेखकहरू र पावल स्वयमले पुरानो करारलाई परमेश्वरको वचन हो भनेर मान्यता दिएका थिए भने वर्तमान युगमा कतिपय मै हुँ भन्ने इसाई विद्वानहरू किन बाइबलको बारेमा गलत शिक्षा सिकाउँछन् अनि हामीले तिनीहरूको को धरापमा किन पर्नुहुन्न?**

आ. बाइबलप्रति शङ्का गर्ने वा आलोचना गर्ने बाइबलकै आधुनिक विद्वान वा प्रचारकहरूले बाइबलका कतिपय आधारभूत सत्यहरूलाई ठाडै अस्वीकार गरेको पाइन्छ। तिनीहरूले ६ दिनको सृष्टि प्रक्रियालाई लत्याउँछन्, यस पृथ्वीको सृष्टि खरबौं वर्ष पहिले भएको र नक्षत्रको बस्तु अचानक बिस्फोट भएर बनिएको हो भनेर विश्वास गर्छन्, पापरहित संसारमा पापरहित आदमको सृष्टि परमेश्वरको आफ्नै हातले गर्नुभएको हो भन्ने कुरा अस्वीकार गर्छन्, जगतव्यापी जलप्रलयलाई तिनीहरू अस्वीकार गर्छन्, अब्राहमको अस्तित्व नै काल्पनिक हो भनेर तिनीहरू दावी गर्छन्, प्रस्थानको पुस्तक ऐतिहासिक होइन भनेर सिकाउँछन्, येशूको पुनरुत्थान र उहाँका आश्चर्य कामहरूलाई अस्वीकार गर्छन् र कतिपयले भविष्यवक्ताहरूले भविष्यवाणी गरेका भविष्यका कुराहरूलाई पनि अस्वीकार गर्छन् जुन घट्नाहरू हुनुभन्दा सयौं र हजारौं वर्ष पहिले भविष्यवाणी गरिएका थिए। परमेश्वरको वचनको आधिकारिकता र विश्वसनीयतामाथि नै प्रश्न गर्दा के हुदोरहेछ भनेर ती मानिसहरूको धारणाले कसरी देखाउँछन्? ती मानिसहरूलाई बाइबलको सत्यतिर आकर्षित गर्न कस्तो प्रयासहरू गर्नुपर्ला जसले गर्दा तिनीहरूको धारणाहरू गलत हुन् भनेर सत्य परमेश्वरको वचनलाई स्पष्टसँग बुझ्न सकून्।

इ. धर्मशास्त्र बाइबलका कतिपय कुराहरू अहिले लागु नहोला (जस्तै दासप्रथा, पशुबलि आदि) तैपनि बाइबल परमेश्वरको प्रेरणाद्वारा उपलब्ध भएको वा लेखिएको हो भन्ने कुरा हामीले कसरी बुझ्ने?

## कथा ३
## मिलिजुलि प्रितिभोजमा परमेश्वरलाई चिनिन्छ
### आन्ड्रु मेकचेस्नी, एडभेन्ट मिशन

रुसमा काल सागर अर्थात् ब्लाक सी होटेलै होटेल भएको प्रख्यात सहर गेलडेनजेक छ। त्यहाँ छुट्टी मनाउन मानिसहरू आउँथे। त्यहाँ एउटा सेभेन्थ डे एडभेन्टिस्ट चर्च छ। छुट्टी मनाउने सेभेन्थ-डे एडभेन्टिस्टहरू साबथ दिनमा चर्चमा खचाखच हुन्थे।

त्यस गेलेनझेक सहरमा साइबेरिया, उरल पहाड र रुसका अरू टाढा टाढा ठाउँहरूबाट मानिसहरू आउँथे। तिनीहरूमा धेरै एडभेन्टिस्टहरू पनि हुन्थे। त्यहाँको चर्च पास्टर आन्ड्रे प्रोकोपेभ फिलिप्पिन्सको एडभेन्टिस्ट इन्टरनेशनल इन्सिच्युट अफ आडभान्स स्टडिजमा पढेका थिए। त्यहाँ उनले केही विशेष कुरा सिकेका थिए। त्यस क्याम्पसको चर्चमा कोही नयाँ पाहुनाहरू आए भने प्रोकोपेभ र अरू विद्यार्थीहरू पालै पालो गरेर चर्च संगतिपछि पाहुनाहरूसँग सङ्गति गर्दै खाना ख्वाउँथे।

जब रुसको चर्चमा आफू पास्टर भए तब प्रोकोपेभले त्यही खालको वातावरण बनाउन आफ्नो चर्चमा पनि प्रस्ताव राखे। साबथमा आउने पाहुनाहरूलाई मिलिजुली खाना ख्वाउने उनले प्रस्ताब राखे। उनको चर्चमा छवटा साबथ स्कूल क्लासहरू छन्। प्रत्येक क्लासमा  छदेखि सात जनासम्म सहभागीहरू हुन्थ्ये। तिनीहरूबाट नै पालै पालो गरेर पाहुनाहरूलाई साबथमा खाना खान बोलाउने भनेर चर्चमा एक दिन उनले आफ्नो भनाइ राखे। उक्त चर्चमा भान्सा कोठा पनि थियो।

अर्को साबथमा छुट्टी मनाउन आएका बीस जना पाहुनाहरूले चर्चसेवापछि विश्वासीहरूको भान्साकोठामा जाने निम्तोलाई खुशीसाथ ग्रहण गरे। खाना खाइसकेपछि पास्टर प्रोकोपेभले पाहुनाहरू सबैलाई तपाईहरू को हुनुहुन्छ, कहाँबाट आउनुभयो र  कसरी सेभेन्थ-डे एडभेन्टिस्ट हुनुभयो भनेर सुनाउन अनुरोध गरे।

तिनीहरूको व्यक्तिगत गवाही अत्यन्तै प्रभावकारी थियो र चर्चका अन्य सदस्यहरूले तिनीहरूको गवाहीहरू खुब रमाइलो मानेर सुने। अरूहरूले पनि पाहुनाहरूको गवाही सुनेको प्रोकोपिभ चाहन्थे। त्यसकारण एडभेन्टिस्ट

नभएका अरू छिमेकीहरूलाई पनि चर्च आउन र खाना खाएपछि गवाही सुन्न उनले अनुरोध गर्न थाले।

एक साबथ छुट्टी मनाउन आएकी एक जना विश्वासी पाहुनाले उनको हजुरबुबाको बारेमा एउटा रोचक कथा सुनाइन्। उनको हजुरबुबा दोस्रो विश्वयुद्धमा एउटा रेलको भान्सामा काम गर्थे। उक्त रेलमा सिपाहीहरू यात्रा गर्थे। बाजे कुक वा भान्सेलाई सबैले मन पराउँथे। उनको कडा परिश्रम र मद्यपान नगर्ने बानीलाई सबैले सराहना र आदर गर्थे। तर उनको एउटा समस्या थियो। उनी सेभेन्थ-डे एडभेन्टिस्ट भएकोले शनिबार काम नगर्ने उनको अठोट थियो। उनको हाकिमले उनलाई शनिबार छुट्टी दिन मानेनन्। तर उनी खाना पकाउने असल भान्से भएकोले उनलाई निकाल्न पनि उनको हाकिमले सकेनन्। आखिरमा एकदिन सेनापतिले उनलाई डाके।

आफूले साबथमा काम गर्न नचाहेको कुरा सुनाएपछि उनलाई सेनापतिले यो प्रस्ताब राखे "साथी तिमी असल भान्से हौ। तिमीलाई हामी निकाल्न चाहँदैनौं तर एउटा प्रस्ताब म राख्छु। तिमीलाई प्रत्येक शुक्रबार कामबाट निकाल्छु र प्रत्येक आइतबार फेरि कामको निम्ति भर्ना गर्छु।"

विश्वयुद्ध होउञ्जेल यो प्रक्रिया चलिरह्यो। भान्सेलाई प्रत्येक शुक्रबार कामबाट निकालिन्थ्यो र प्रत्येक आइतबार फेरि काममा भर्ना गरिन्थ्यो।

जब एक छुट्टि मनाउन आएका एक जना एडभेन्टिस्ट नभएको पाहुनाले अर्को पाहुनाको हजुरबुबाको कथा सुने तब उनले उठेर भनिन् "म पनि एडभेन्टिस्ट हुन चाहन्छु।"

प्रोकोपेभ अत्यन्तै खुशी भए र पछि त्यस महिलालाई उनले बप्तिस्मा दिए। मिलिजुली प्रतिभोज खाने कार्यक्रमको दुई वर्षभित्र व्यक्तिगत गवाही सुनेर चार जना मानिसहरू येशूतिर आकर्षित भए र बप्तिस्मा लिए।

(चर्च पछि प्रितिभोज गरेर व्यक्तिगत गवाही सुन्न पाउनु चर्चको निम्ति ठूलो आशिष भएको र साबथस्कूल क्लासका विश्वासीहरूले जब पाहुनाहरूको सत्कार गर्न थाले तिनीहरू एक आपसमा नजिकभए भनेर वर्ष ४३का प्रोकोपेभले यस कथाका लेखकलाई सुनाएका थिए। "व्यक्तिगत गवाहीहरू धेरै महत्त्वपूर्ण हुन्छन् किनभने त्यसमा परमेश्वरको दया देखिन्छ र उहाँ हाम्रो परमेश्वर हुन चाहनुभएको देखिन्छ ।" पास्टर प्रोकोपिभले यी लेखकलाई सुनाएका थिए)।